आज मिति २०७९ जेष्ठ २३ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको प्रथम (१/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रंसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | श्री मंगल बहादुर शाही | |

# मिति २०७९/०२/२३ गतेको कार्यपालिका बैठकको निर्णय

कार्यपालिका बैठकमा पेश गरिएको प्रस्ताव/विषयसूची :

१. धन्यवाद ज्ञापन सम्वन्धमा ।

२. विभिन्न समिति गठन सम्वन्धमा ।

३. आगामी आ.व. ०७९/०८० का लागि शाखागत तथा वडागत बजेट सिलिङ्ग सम्वन्धमा ।

४.आगामी एघारौ नगर सभा संचालन सम्वन्धमा ।

५. विविध सम्वन्धमा

क) प्रवक्ता तोक्ने सम्वन्धमा

ख) २०७२ को टीकापुर घटना सम्वन्धमा

ग) विपद् व्यवस्थापन नगर सभा सम्वन्धमा

घ) समिति/कार्यदल गठन सम्वन्धमा

ङ) भूमीहिन दलित, भूमीहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासी सम्वन्धमा

निर्णय :

निर्णय नं.१.:-देश संघीय संरचनामा गए पश्चात यहि मिति २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको दोश्रो निर्वाचनमा आफ्नो मताधिकार प्रयोग गरी यस टीकापुर नगरपालिकाको नेतृत्व गर्ने अवसर प्रदान गर्नुहुने आदरणिय मतदाताज्यूहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै निर्वाचनलाई शान्तिपूर्ण, निश्पक्ष, स्वतन्त्र र सौहार्द रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्‍याउनुहुने सम्पूर्ण नगरवासी, मूख्य निर्वाचनको कार्यालय, निर्वाचन कार्यालय, स्थानीय प्रशासन, राष्ट्र सेवक कर्मचारी, नागरिक समाज, वुद्धिजिवी, उद्योगी व्यावसायी, पर्यवेक्षक, सञ्चारकर्मी, राजनीतिक दलका नेता कार्यकर्ता लगायत सम्पूर्णलाई धन्यवाद दिने साथै पहिलो स्थानीय तहको निर्वाचन, २०७४ बाट निर्वाचित भई यस नगरपालिकामा आफ्नो भूमिका सफलता पूर्वक सम्पन्न गर्न सफल हुनु भएका सम्पूर्ण पदाधिकारी एवं जनप्रतिनिधीज्यूहरु समेतलाई हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्ने ।

निर्णय नं. २ : प्रचलित ऐन कानूनमा व्यवस्था गरिए वमोजिम यस टीकापुर नगरपालिकाको तपसिल वमोजिमको समितिमा देहाय वमोजिम पदाधिकारी रहने गरी समिति गठन गर्ने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

तपसिल

## १.स्थानीय राजश्व परामर्श समिति

| स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ५.२.१ मा भएको प्रावधान बमोजिम : | | | |
|---|---|---|---|
| क.सं. | ऐनमा रहेको प्रावधान | तेकिएको पदाधिकारी/सदस्य | कैफियत |
| (क) | उपाध्यक्ष वा उपप्रमुख - संयोजक | उप प्रमुख,श्री खडक बहादुर शाह | |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत - सदस्य | प्रमुख प्रशासकीय अधिकृत | |
| (ग) | कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य | १.श्री रुपमति ड. थारु | ४ नं.वडा, महिला सदस्य |
| | | २.श्री सरस्वती तिरुवा | २ नं. वडा द.महिला सदस्य |
| (घ) | निजी क्षेत्रको उद्योग वाणिज्य सम्वन्धी सम्वन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि- सदस्य | प्रतिनिधि सदस्य | |
| (ङ) | घरेलु तथा साना उद्योग सम्वन्धी मान्यताप्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधी- सदस्य | प्रतिनिधि सदस्य | |
| (च) | कार्यपालिकाको राजश्व महाशाखा/विभाग वा शाखा प्रमुख-सदस्य सचिव | सम्वन्धित शाखा प्रमुख | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

## २.श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति :

| स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ५.२.२ मा भएको प्रावधान बमोजिम : | | | |
|---|---|---|---|
| क्र.सं. | ऐनमा रहेको प्रावधान | तेकिएको पदाधिकारी/सदस्य | कैफियत |
| (क) | अध्यक्ष वा प्रमुख - संयोजक | श्री रामलाल डगौरा थारु | |
| (ख) | उपाध्यक्ष वा उपप्रमुख - सदस्य | श्री खडक बहादुर शाह | |
| (ग) | कार्यपालिका सदस्यहरुमध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा उप्रमुखले तोकेको चार जना -सदस्य | १.यज्ञ प्रसाद न्यौपाने | ७ नं. वडा अध्यक्ष |
| | | २.मोहन लुहार ( वि.क.) | १ नं. वडा अध्यक्ष |
| | | ३.लवरी चौधरी | ३ नं. वडा, महिला सदस्य |
| | | ४.मन्जु वि.क. | अल्प संख्यक/दलित सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत | |

## ३.बजेट तथा कार्यक्रम तर्जुमा समिति

| स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ५.५.१ मा भएको प्रावधान बमोजिम : | | | |
|---|---|---|---|
| क्र.सं. | ऐनमा रहेको प्रावधान | तेकिएको पदाधिकारी/सदस्य | कैफियत |
| (क) | उपाध्यक्ष वा उपप्रमुख- संयोजक | खडक बहादुर शाह | |
| (ख) | विपयगत हेर्ने गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका सदस्यहरु- सदस्य | १. श्री यज्ञ प्रसाद न्यौपाने | आर्थिक विकास समिति , संयोजक |
| | | २.श्री लालविर चौधरी | सामाजिक विकास समिति, संयोजक |
| | | ३.श्रीलौटन चौधरी | पूर्वाधार विकास समिति, संयोजक |
| | | ४.श्री वलिराम चौधरी | वन, वातावरण तथा विपद् व्यवस्थापन |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | समिति |
| | | ५.श्री राम बहादुर नगार्जी | सुशासन तथा संस्थागत समिति, संयोजक |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत- सदस्य | प्रमुख प्रशासकीय अधिकृत | |
| (घ) | योजना महाशाखा, विभाग वा शाखा प्रमुख- सदस्य सचिव | पूर्वाधार विकास शाखा प्रमुख | |

## ४.अनुगमन तथा सुपरिवेक्षण समिति

स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ६.२.१ मा भएको प्रावधान बमोजिम :

| क.सं. | ऐनमा रहेको प्रावधान | तोकिएको पदाधिकारी/सदस्य | कैफियत |
|---|---|---|---|
| (क) | उपाध्यक्ष वा उपप्रमुख - संयोजक | श्री खडक बहादुर शाह | |
| (ख) | अध्यक्ष वा प्रमुखले तोकेको एक जना महिलासहित कार्यपालिकाका सदस्यहरु मध्येबाट दुई जना सदस्य - सदस्य | १.श्री दिपक बहादुर निशानी | अल्प संख्यक/दलित प्रतिनिधि |
| | | २.श्री राजरानी चौधरी | ६ नं वडा महिला सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत- सदस्य | प्रमुख प्रशासकीय अधिकृत | |
| (घ) | प्रमुख, योजना विभाग/महाशखा/ र इकाई - सदस्यसचिव | सम्वन्धित शाखा प्रमुख | |

(आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

## ५.आर्थिक विकास समिति :

| स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ५.१.३ मा भएको प्रावधान बमोजिम । | | | |
|---|---|---|---|
| क.सं. | ऐनमा रहेको प्रावधान | तेकिएको पदाधिकारी/सदस्य | कैफियत |
| (क) | विषय क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य- संयोजक | श्री यज्ञ प्रसाद न्यौपाने | वडा .७, वडा अध्यक्ष |
| (ख) | कार्यपालिकाले तोकेका कम्तीमा एक जना महिला सहित दुई जना कार्यपालिकाका सदस्य- सदस्य | १.श्री ऋषि वि.क | ३ नं. वडा अध्यक्ष |
| | | २.श्री रुपमति ड. थारु | ४ नं.वडा महिला सदस्य |
| (ग) | सम्वन्धित विभाग/ महाशाखा/ शाखा प्रमुख - सदस्य सचिव | सम्वन्धित शाखा प्रमुख | |

## ६.सामाजिक विकास समिति

| स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ५.१.३ मा भएको प्रावधान बमोजिम । | | | |
|---|---|---|---|
| क.सं. | ऐनमा रहेको प्रावधान | तेकिएको पदाधिकारी/सदस्य | कैफियत |
| (क) | विषय क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य- संयोजक | श्री, लालविर चौधरी | ४ नं. वडा अध्यक्ष - वहुमतबाट ) |
| (ख) | कार्यपालिकाले तोकेका कम्तीमा एक जना महिला सहित दुई जना कार्यपालिकाका सदस्य- सदस्य | १ श्री.दिपक चौधरी | २ नं.वडा अध्यक्ष |
| | | २. श्री लवरी चौधरी | ३ नं. वडा महिला सदस्य( वहुमतवाट) |
| (ग) | सम्वन्धित विभाग/ महाशाखा/ शाखा प्रमुख - सदस्यसचिव | सम्वन्धित शाखा प्रमुख | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

## ७.पुर्वाधार विकास समिति

| | | | |
|---|---|---|---|
| स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ५.१.३ मा भएको प्रावधान बमोजिम । | | | |
| क.सं. | प्रचलित ऐन/दिग्दर्शनमा रहेको प्रावधान | तेकिएको पदाधिकारी/सदस्य | कैफियत |
| (क) | विषय क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य- संयोजक | श्री लौटन चौधरी | वडा नं.९, अध्यक्ष |
| (ख) | कार्यपालिकाले तोकेका कम्तीमा एक जना महिला सहित दुई जना कार्यपालिकाका सदस्य- सदस्य | १.श्री कैलासपति चौधरी | वडा नं. ७, महिला सदस्य |
| | | २. श्री राजरानी चौधरी | वडा नं. ६, महिला सदस्य |
| (ग) | सम्वन्धित विभाग/ महाशाखा/ शाखा प्रमुख - सदस्य सचिव | सम्वन्धित शाखा प्रमुख | |

## ८.वन वातावरण तथा विपद व्यवस्थापन समिति

| | | | |
|---|---|---|---|
| स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ५.१.३ मा भएको प्रावधान बमोजिम । | | | |
| क.सं. | प्रचलित ऐन/दिग्दर्शनमा रहेको प्रावधान | तेकिएको पदाधिकारी/सदस्य | कैफियत |
| (क) | विषय क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य- संयोजक | श्री बलिराम चौधरी | ६ नं.वडा अध्यक्ष |
| (ख) | कार्यपालिकाले तोकेका कम्तीमा एक जना महिला सहित दुई जना कार्यपालिकाका सदस्य- सदस्य | १.श्री सरस्वती तिरुवा | २ नं.वडा द.महिला सदस्य |
| | | २.श्री लवरी चौधरी | ३ नं. वडा महिला सदस्य |
| (ग) | सम्वन्धित विभाग/ महाशाखा/ शाखा प्रमुख - सदस्यसचिव | सम्वन्धित शाखा प्रमुख | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

९.सुशासन तथा संस्थागत विकास समिति :

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ५.१.३ मा भएको प्रावधान वमोजिम ।

| क.सं. | ऐनमा रहेको प्रावधान | तेकिएको पदाधिकारी/सदस्य | कैफियत |
|---|---|---|---|
| (क) | विषय क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य- संयोजक | श्री राम वहादुर नगार्जी | अल्प संख्यक/दलित सदस्य |
| (ख) | कार्यपालिकाले तोकेका कम्तीमा एक जना महिला सहित दुई जना कार्यपालिकाका सदस्य- सदस्य | १.श्री कैलासपति चौधरी | ७ नं. वडा, महिला सदस्य |
| | | २.श्री रुपमती ड.थारु | ४ नं.वडा, महिला सदस्य |
| (ग) | सम्वन्धित विभाग/ महाशाखा/ शाखा प्रमुख - सदस्यसचिव | सम्वन्धित शाखा प्रमुख | |

**निर्णय नं. ३.** :-यस नगरपालिकाको राजश्व तथा अनुदान प्राप्तीको स्रोत तथा आगामी आ.व. ०७९/०८० का लागि आन्तरिक आय,राजश्व बाडँफाडँ आय, संघीय सरकारको प्राप्त वजेटको सम्वन्धमा जानकारी गराईयो ।

**निर्णय नं.४** :- यस नगरपालिकाको स्थानीय तह सदस्य निर्वाचन, २०७९ पछिको पहिलो र नगरपालिकाको एघारौं नगर सभा वैठक संचालनका लागि तपसिल वमोजिमको कार्यतालिका स्वीकृत गरियो ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

| क.सं. | क्रियाकलाप | मिति | समय | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजश्व परामर्श समितिको वैठक | २०७९/०२/२४ | ७:०० वजे विहान | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| २ | विभिन्न विषयगत समितिहरुको प्रारम्भिक संयुक्त वैठक | | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | आवश्कता अनुसार |
| ३ | श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको वैठक | २०७९/०२/२४ | विहान ९:०० वजे देखि | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ४ | वस्ती तहका योजना छनौट | २०७९/०२/३१ देखी२०७९/०३/०४ | सम्वन्धित वडाको समय तालिका अनुसार | सम्वन्धित वडा समिति | |
| ५ | वडागत योजना छनौट तथा प्राथमिकिकरण | २०७९/०३/०५ | सम्वन्धित वडाको समय तालिका अनुसार | सम्वन्धित वडा समिति | |
| ६ | विषयगत समितिहरुको वैठक | २०७९/०३/०६ | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ७ | वजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक | २०७९/०३/०७ | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ८ | कार्यपालिका वैठकवाट नीति तथा वजेट स्वीकृत तथा नगर सभाका लागि सिफारिस | २०७९/०३/०८ | दिनको १:०० वजे | नगर प्रमुख, नगर उपप्रमुख | |
| ९ | नगर सभामा नीति तथा वजेट कार्यक्रम पेश | २०७९/०३/१० | | नगर प्रमुख, नगर उपप्रमुख | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १० | नगर सभावाट कार्यक्रम स्वीकृत | २०७९ असार मसान्त सम्म | | नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत | |

५ : विविध तर्फ :-

निर्णय नं.५.क):- यस नगरपालिका, नगर कार्यपालिकाको तर्फवाट जारी गर्नुपर्ने सार्वजनिक महत्वको सूचना, वक्तव्य र विज्ञप्ती जारी गर्नुपर्ने प्रयोजनका लागि यस नगरपालिकाका कार्यपालिका सदस्य श्री वलिराम चौधरीलाई प्रवक्ता तोक्ने ।

निर्णय नं.५ख):-२०७२ को टीकापुर घटना राजनीतिक आन्दोलन भएकोले सम्पूर्ण राजवन्दिहरुलाई रिहाईका साथै फरार सूचीमा रहेका झुठा मुद्दा लागेका हरुको हकमा खारेजीका लागि नेपाल सरकार समक्ष माग गर्ने ।

निर्णय नं. ५ ग) :-यस टीकापुर नगरपालिका वाढीको उच्च जोखिममा पर्ने नगरपालिका भएको र प्राय वर्षेनि यस नगरपालिकाले विपद्जन्य घटनाको सामना गरीरहनु परेको सन्दर्भमा यस नगरपालिकाको नगर प्रमुख, उपप्रमुख लगायतको टोलीवाट प्रत्यक्ष अवलोकन गर्दा कतिपय ठाउँहरुमा खाल्डाखुल्डी रहेको कतिपय स्थानमा कटान, डुवान हुन सक्ने अवस्था देखिएको हुँदा सम्भावित जोखिम तथा क्षतीलाई न्यून गर्न मनसुन शुरु हुन अगावै अत्यावश्यक ठाउँहरुमा तत्काल नाला, कूलो, झरन सरसफाई तथा मर्मत सम्वन्धी कार्यको लागि आवश्यक व्यवस्था मिलाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. घ. १ )आगामी आ.व. ०७९/०८० का लागि विषयगत समितिवाट पेश भएका नीति अध्ययन तथा प्राथमिकीकरण गर्नका साथै मस्यौदा लेखनका लागि तपसिल वमोजिमको समिति/कार्यदल गठन गरी जिम्मेवारी तोक्ने ।

| क्र.स. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री राम लाल डगौरा थारु | नगर प्रमुख | प्राथमिकीकरण |
| २ | श्री खडक वहादुर शाह | नगर उप-प्रमुख | प्राथमिकीकरण |
| ३ | श्री दमन सिंह चौधरी | उप सचिव | |
| ४ | श्री रन्जु आचार्य | प्रशासकीय अधिकृत | |
| ५ | श्री नन्द वहादुर के.सी | अधिकृत स्तर छैठौ | |
| ६ | श्री निर्मला चौधरी | अधिकृत स्तर छैठौ | |
| ७ | श्री चित्रराज उपाध्याय | सूचना प्रविधि अधिकृत | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. घ. २ )आगामी आ.व. ०७९/०८० का लागि केन्द्र, वडा तथा विषयगत क्षेत्रमा विनियोजित वजेटको आधारमा प्राथमिकता आधारमा छनौट तथा सिफारिस भई आएका आयोजना तथा कार्यक्रम संस्लेशण गरी प्रविष्टि गर्ने प्रयोजनका लागि तपसिल वमोजिमको समिति/कार्यदल गठन गरी जिम्मेवारी तोक्ने ।

| क.स. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री खडक वहादुर शाह | नगर उप-प्रमुख | |
| २ | श्री लक्ष्मी ओड | लेखा अधिकृत | |
| ४ | श्री नवराज जोशी | ईन्जिनियर | |
| ५ | श्री राजेन्द्र रावल | ईन्जिनियर | |
| ६ | श्री चित्रराज उपाध्याय | सूचना प्रविधि अधिकृत | |
| ८ | श्री देवी कृष्ण जैशी | लेखापाल | |
| ७ | श्री कुश्माखर जैशी | एम आई एस. अप्रेटर | |
| ८ | श्री रामा चौधरी | एम आई एस. अप्रेटर | |

निर्णय नं. ङ) :-यस नगरपालिका अन्तर्गत भूमिहीन दलित, भूमीहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको सम्वन्धमा हाल सम्म भए गरेका क्रियाकलाप सम्वन्धमा जानकारी प्रदान गरियो साथै कार्य योजना वनाई अगाडि वढ्ने ।

टीकापुर नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत